# एनआरएनए निर्वाचन समितिको विज्ञप्ति

गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्को स्थगित निर्वाचन २१ र २२ मार्च २०२२ तदनुसार ७ र ८ चैत २०७८ मा हुने भएको छ । निर्वाचन सम्पन्न गर्नका संघले अधिवक्ता भिमसेन बन्जाराको संयोजकत्वमा गठित निर्वाचन समितिले निर्वाचनको आन्तरिक तयारी गरिरहेको छ । विगतमा मतदानको अधिकार सहितका प्रतिनिधिहरुको सुची निर्वाचन समितिलाई उपलब्ध हुन नसक्दा निर्वाचनको कार्य स्थगित हुँदै आएकोमा यही फेब्रुअरी १४ तारिकमा प्रतिनिधिहरुको सुची समितिलाई प्राप्त भए पछि निर्वाचन सुनिस्चित भएको छ र निर्वाचन कार्यतालिका प्रकाशनको चरणमा निर्वाचन समिति पुगेको छ । निर्वाचन कार्यतालिका यसै साथ संलग्न छ ।

गैरआवासीय नेपाली संघको इतिहासमै पहिलो पटक निर्वाचन अनलाइन प्रणालीमार्फत गर्न लागिएको (इ-भोटिङ्ग) हुंदा स्वतन्त्रता र निष्पक्षताको प्रत्याभूत हुने गरी नेपालीहरुको संलग्नता नरहेको विदेशी निर्वाचन भेन्डरको छनौट यस अघि नै भैसकेको छ । प्राविधिक लगायत अन्य विविध पूर्व तयारी भइसकेको छ । अनलाइन मतदानका लागि संस्थाका महाधिवेशन प्रतिनिधिहरु (मतदाता) ले मतदानका समयमा आफ्नो अनुहार प्रमाणीकरण गर्नु पर्ने भएकाले अहिले नै अनुहार प्रष्ट देखिने फोटो (सेल्फी) अनिवार्य पठाउनु पर्ने हुन्छ । मतादाता सुचीमा रहेका सबै मतदाताहरुलाई संघको एमआइएस सिस्टममा लगइन गरेर सेल्फी फोटो अपलोड गर्न अनुरोध गरिएको छ । फोटो संकलनको काम निरन्तर जारी छ । निर्वाचनका बेला मतदाताले आफ्नो डिभाइसमा सेल्फी फोटो प्रमाणीकरण गरेपछि मात्रै भोट हाल्न पाइने प्रावधान भएकाले समयमै सेल्फी फोटो अपलोड नगर्दा पहिलो सुचीमा रहेका मतदाता मतदानबाट बन्चित हुने अवस्था आउने र बैकल्पिक प्रतिनिधिहरुलाई मतदानको अवसर प्राप्त हुनेछ । यस तर्फ सबै मतदातालाई सजग रहन निर्वाचन समिति अनुरोध गर्दछ ।

गैरआवासीय नेपालीको अवस्था प्रष्ट देखिनका लागि भिसा सहितको आइडि कार्ड पनि आवश्यक भएको हुनाले यदि सदस्यता बनि सकेपछि पछाडि नविकरण गरिएका भिसा तथा आइडि कार्ड भए membership@nrna.org मा पठाइ दिन हुन समेत सुचित गरिन्छ ।

निर्वाचन सम्पन्न गर्नका लागि अधिवक्ता भिमसेन बन्जारा संयोजक रहनुभएको समितिमा सदस्य सचिव भूषण घिमिरे (जापान) रहनुभएको छ । निर्वाचन समितिका सदस्यहरुमा रामप्रताप थापा (जर्मनी), चिरञ्जीवि ढकाल (यूके), डा. विष्णुमाया परियार (अमेरिका) हुनुहुन्छ ।

निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि समितिले आइटी विज्ञहरु सहितको उप समिति बनाएर आवश्यक सरसल्लाह लिंदै आफ्नो तयारी र काम अगाडि बढाएको छ । निर्वाचन कार्यतालिका प्रकाशनसंगै निर्वाचनको प्रकृया अघि बढेको छ । महाधिवेशन प्रतिनिधिहरुले आफ्नो मताधिकारलाई सुरक्षित राख्न तोकिएका मापदण्डहरुको पालना गर्दै आवश्यक सूचनाहरुका लागि निर्वाचन समिति, अन्तर्राष्ट्रिय समन्वय परिषदको सचिवालय र आफ्नो देशको राष्ट्रिय समन्वय परिषदको इमेल र सूचनाहरु हेर्दै आवश्यक सहयोग गरिदिनुहुने विश्वास निर्वाचन समितिको छ ।

निर्वाचन समिति,
गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषद

१६ फेब्रुअरी २०२२